"स्वच्छ, शान्त, समृद्ध, पर्यटकीय नगर बूढानीलकण्ठ"

फोन नं. ०१-४३७२७२५

# बूढानीलकण्ठ नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

## गोल्फुटार काठमाडौं

## ३ नं प्रदेश नेपाल

पत्र संख्या : ०७७/७८

~~चलानी नं~~ :
सु. नं. : ३४

**पकेट बिकास कार्यक्रममा सहभागी हुने वारे सूचना**

**प्रथम पटक प्रकाशित मिति :२०७७/०८/१५**

प्रस्तुत विषयमा यस नगरपालिकाको आ.व.०७७/७८ को शर्सत तर्फको प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना अन्तर्गत बूढानीलकण्ठ नगरपालिका क्षेत्रमा निम्न पकेट विकासका कार्यक्रमहरु संचालन गर्नको लागि ईच्छुक कृषक समूह/ कृषि सहकारी/कृषि फर्म/जल उपभोक्ता समितिले तोकिएको ढाँचामा (अनुसूचि-१०) अनुसार आवश्यक कागजात सहित यो सूचना प्रकाशन भएको मिति देखी १५ दिन (मिति २०७७/०८/२९) सम्म कार्यालय समयमा आवेदन दिनुहुन सूचना प्रकाशन गरिएको छ ।

तपशिल

क) पकेट कार्यक्षेत्र : बूढानीलकण्ठ नगरपालिका भित्र
ख) कार्यक्रमहरु : तरकारी/धान पकेट
संख्या : नयाँ -१ पुरानो -१ जम्मा (२)
निवेदनका साथ पेश गर्नु पर्ने आवश्यक कागजातहरु :

१. कृषि समूह/ सहकारी संस्था/ कृषि फर्म दर्ता तथा नविकरण भएको प्रमाण पत्रको प्रतिलिपि ।
२. सम्वन्धित वडा कार्यालयको सिफारिस ।
३. कार्यक्रम संचालन हुने स्थान (जग्गा/जमिन) को विवरण वा भाडामा जग्गा भएमा कम्तीमा ५ वर्षको सम्झौतानामा ।
४. खेती गरिएको जग्गाको लालपूर्जाको प्रतिलिपि ।
५. निवेदकको नागरिता वा परिचय खुल्ने प्रमाणपत्रको प्रतिलिपि ।
६. कार्य समितिको निर्णयको प्रतिलिपि ।
७. पकेटको लागि क्षेत्रफल/ संख्याको न्यूनतम आधार : साना व्यवसायिक उत्पादन कृषि केन्द्र ( पकेट) विकास कार्यक्रम सञ्चालनको लागि तालिका-१ मा उल्लेख भए बमोजिम न्यूनतम क्षेत्रफल वा संख्याको आधार पुरा गर्नु पर्नेछ ।

तालिका १ : पकेट कार्यक्रम सञ्चालनका आधारहरु

| बाली /बस्तु | इकाई | परिमाण /क्षेत्र खुल्लामा | परिमाण /क्षेत्र प्लाष्टिक टनेल भित्र | कैफियत |
|---|---|---|---|---|
| तरकारी बाली | हेक्टर | ७ | १ | |
| धान बाली | हेक्टर | १५ | | |

**नोट :विस्तृत जानकारीको लागि सर्म्पक नं.९८६९४१४९४३ /९८४३५०४०४९/९८४११५०१९६ मा सम्पर्क गर्नु होला ।**

बैकुण्ठ प्रसाद सापकोटा
प्रमुख प्रशासकीय अधिकृत

"स्वच्छ, शान्त, समृद्ध, पर्यटकीय नगर बूढानीलकण्ठ"

फोन नं. ०१-४३७२७२५

# बूढानीलकण्ठ नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

## गोल्फुटार, काठमाडौं

## ३ नं. प्रदेश, नेपाल

पत्र संख्या : ०७७/७८

~~चलानी नं.:~~
सु. नं.: ३५

## प्रस्ताव आहवान गरिएको वारे सूचना ।

प्रथम पटक प्रकाशित मिति :२०७७/०८/१५

बूढानीलकण्ठ नगरपालिका, कृषि बिकास शाखा, बागमति प्रदेशको आ.व.२०७७/७८ को स्वीकृत बार्षिक आन्तरिक कार्यक्रम अनुसार बैदेशिक रोजगारबाट फर्किएका तथा नेपालमानै बसी कृषि पेशा गर्दै आएका शिक्षित/सामान्य लेखपढ गर्नसक्ने कृषकहरुलाई यूवा लक्षित कृषि व्यवसायीक कृषि कार्यक्रम बमोजिम यस नगरपालिकामा बिदेशबाट फर्किएका तथा नेपालमा बसी कृषि पेशामा संलग्न शिक्षित/सामान्य लेखपढ गर्न सक्ने युवाहरुले यो सूचना प्रकाशन भएको १५ दिन भित्रमा कार्यालय समय भित्र आईपुग्ने गरी देहाय बमोजिमका कागजात सहित निवेनका साथ प्रस्ताव दर्ता गर्नुहुन सूचना आहवान गरिन्छ । साथै रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु छनौटको लागि समावेस हुन नसक्ने व्यहोरा समेत जानकारी गराईन्छ ।

आवश्यक कागजतहरु:

१.रु.१० को हुलाक टिक टाँस गरेको निवेदन ।

२.आवेदकको नेपाली नगरिताको प्रतिलिपि, पासपोर्टको प्रतिलिपि ( बिदेशबाट फर्किएका यूवाहरुको हकमा )र कृषि फर्मको हकमा संस्था दर्ता तथा नविकरण गरिएको प्रमाणपत्रको प्रतिलिपि ।

३.कृषि फर्मको हकमा स्थायी लेखा नम्वर (PAN) को प्रमाणित प्रतिलिपि ।

४.प्रस्तावकले लागत साझेदारी गर्ने प्रतिवद्धता गर्नु पर्ने ।

५.प्रस्ताव अनुसारको लागत अनुमान ।

**नोट:बिस्तृत जानकारीको लागि सर्म्पक नं.९८६९४१४९४३ /९८४३५०४०४९/९८४११५०१९६ मा सम्पर्क गर्नु होला ।**

२।१५

बैकुण्ठ प्रसाद सापकोटा
प्रमुख प्रशासकीय अधिकृत